दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

खण्ड :                    संख्या : ३                    मिति २०७५।४।१

## भाग - २

दमक नगरपालिका, झापा

**दमक नगरपालिका नगर कार्यपालिकाको सूचना**

दमक नगरपालिका शिक्षा (पहिलो संशोधन) नियमावली, २०७४

## दमक नगरपालिका शिक्षा नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) ले दिएको अधिकार प्रयोग गरी दमक नगरपालिकाको नगरसभाले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ(१) यि नियमहरुको नाम दमक नगरपालिका शिक्षा (पहिलो संशोधन) नियमावली,२०७५ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

(२) मूल नियमावलीको नियम ६ को खण्ड (झ) मा संशोधन : मूल नियमावलीको ६ को (झ) मा "नियुक्ती गर्नुपर्नेछ" भन्ने वाक्यांशको सट्टामा "हाजिर गराउनु पर्नेछ" भन्ने वाक्यांश राखिएको

(३) मूल नियमावलीको नियम २२ (त ) मा संशोधन : मूल नियमावलीको नियम २२ को खण्ड (त ) मा "नगरपालिकामा" भन्ने शब्दको सट्टा "नगर शिक्षा समिति" राखिएको ।

(४) मूल नियमावलीको नियम २२ (ह) मा संशोधन : मूल नियमावलीको नियम २२ को खण्ड (ह ) मा "शैक्षिक" भन्ने शब्द थप गरिएको ।

(५) मूल नियमावलीको नियम २४ को उपनियम (१) को खण्ड (ज) मा संशोधन : मूल नियमावलीको नियम २४ को उपनियम (१ ) को खण्ड (ज) को "एक जना" भन्ने वाक्यांश पछि "महिला" भन्ने शब्द थप गरिएको ।

(६) मूल नियमावलीको नियम २६ को उपनियम (१) को खण्ड (घ),(च) र (ज) मा संशोधन : मूल नियमावलीको नियम २६ को उपनियम (१) को खण्ड (घ) मा "सदस्य" शब्दको सट्टामा "आमन्त्रित सदस्य" राखिएको । खण्ड (च) को "२ जना" भन्ने शब्दहरुको सट्टा "एक महिला सहित ३ जना" भन्ने शब्दहरु राखिएको । खण्ड (ज) मा "नगर शिक्षा समितिले एक जनालाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तोक्नेछ" भन्ने वाक्यांशको सट्टामा "विद्यालय व्यवस्थापन समिति गठन प्रकृया शुरु भै निर्वाचित र मनोनित सदस्यहरुको पदपूर्ति भई सकेको पन्ध्र दिन भित्रमा उक्त समितिले अध्यक्ष छनौट गरी नगर शिक्षा समितिमा पठाउनु पर्नेछ । उक्त समय अवधिभित्र छनौट भई नआएमा शिक्षा समितिले उपरोक्त क, ख,च, का सदस्यहरु मध्येवाट १ जना अध्यक्ष छनौट गरी पठाउने छ" भन्ने वाक्यांश थप गरिएको ।

(७) मूल नियमावलीको नियम २८ को उपनियम (१०) को खण्ड (क) र (घ) मा संशोधन : मूल नियमावलीको नियम २८ को उपनियम (१०) को खण्ड (क) मा "नगरशिक्षा अधिकृतले" भन्ने

वाक्र्यांशको सट्टा ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्ने वाक्यांश राखिएको । सोही नियमको खण्ड (घ) झिकिएको ।

(८) मूल नियमावलीको नियम ३१ (घ) मा संशोधन : मूल नियमावलीको नियम ३१ (घ) को ‘‘तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्के पछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नुपर्ने सम्बन्धमा शर्तहरु निर्धारण गरी कबुलियतनामा गराउने’’ भन्ने वाक्यांशको सट्टामा’’ नेपाल सरकारको लगानीमा ६ महिना वा सो भन्दा वढी समय तालिममा जाने कर्मचारी तालिमबाट फर्केपछि कम्तीमा तीन वर्ष सम्म विद्यालयमा सेवा गनुपर्ने ’’ बाक्यांश राखिएको ।

(९) मूल नियमावलीको नियम ५० को उपनियम (२) (ख) को (१) मा संशोधन : मूल नियमावलीको नियम ५० को उपनियम (२) (ख) को (१) मा ‘‘क्रमश प्रथम श्रेणी को लागि ५ र १०, द्धितीय श्रेणीको भए ३ र ८, तृतीय श्रेणीको भए २ र ६ अंक दिने’’ भन्ने वाक्यांशको सट्टा ‘‘क्रमश १० र ५, ८ र ३ र ६ र २ अंक दिने’’ भन्ने शब्द राखिएको ।

(१०) मूल नियमावलीको नियम ५३ को उपनियम (१) को खण्ड (ग) र (घ) मा संशोधन : मूल नियमावलीको नियम ५३ को उपनियम (१) को खण्ड (ग) झिकिएको । सोहि नियमको खण्ड (घ) मा ‘‘एक जना’’ भन्ने शब्दको सट्टा ‘‘दुईजना’’ भन्ने शब्दहरु राखिएको ।

(११) मूल नियमावलीको नियम ५४ को उपनियम (८) र (९) मा संशोधन : मूल नियमावलीको नियम ५४ को उपनियम (८) र (९) झिकिएको ।

(१२) मूल नियमावलीको नियम ५६ को उपनियम (४) मा संशोधन : मूल नियमावलीको नियम ५६ को उपनियम (४) मा ‘‘अवकाश’’ शब्दको सट्टा ‘‘निवृत्त’’ शब्दहरु राखिएको ।

(१३) मूल नियमावलीको नियम ६१ को उपनियम (१७) मा संशोधन : मूल नियमावलीको नियम ६१ को उपनियम (१७) मा कर्मचारी र वाल विकास सहयोगी कार्यकर्ता भन्ने वाक्याशं थप गरिएको ।

(१४) मूल नियमावलीको अनुसूची १ मा संशोधन : मूल नियमावलीको अनुसुची १ मा रहेको ‘‘संस्थागत विद्यालयको धरौटी ३,००,०००।- , ५,००,०००।- र ७,००,०००।-’’ को सट्टा ‘‘३,००,०००।- , ४,००,०००।- र ५,००,०००।-’’ राखिएको ।

आज्ञाले
गाणेश प्रसाद तिम्सिना
प्रमुख प्रशासकीय अधिकृत

# शिक्षा नियमावली, २०७४
# को
# पहिलो संशोधन २०७५

कार्यपालिकामा पेश भएको मितिः

प्रमाणीकरण भएको मिति :